# नेपाल मेडिकल काउन्सिल

**प्रेस विज्ञप्ति**

२०७८ कार्तिक १० गते

**विषय प्रवेश**

नेपाल मेडिकल काउन्सिल ऐन २०२० अनुसार चिकित्सक तथा शिक्षण संस्थाको नियमन गर्ने व्यवस्था भएकोमा राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ बाट स्थापित चिकित्सा शिक्षा आयोगको गठन पश्चात काउन्सिलको कार्यक्षेत्र चिकित्सकको दर्ता, दर्ता परीक्षा, व्यवसायिक आचरण तथा चिकित्सकहरुको उन्नयनमा सीमित भएको छ ।

पदाधिकारी, कार्यकारी सदस्य तथा कर्मचारीको लगन, ईमान्दारीता तथा निष्ठाका कारण काउन्सिलको सेवा तथा नियमनका विषयहरु अगाडी बढेका छन् । आगामी दिनहरुमा यी काम कारवाहीहरु निरन्तर र प्रशोधित रुपमा अगाडी बढ्ने कार्यक्रम छ ।

नेपाल मेडिकल काउन्सिल आँफैमा अख्तियार प्राप्त निकाय भएता पनि यसले गरेका काम कारबाही बारे अदालत तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा प्रश्न उठ्न सक्ने भएकाले यसले गर्ने निर्णय र कारबाहीहरु कानुनी रित र विधि प्रकृया अनुसार गरिनु पर्दछ । कार्यकारीमा रहेर नियमपूर्वका काम गर्नु गौरवको विषय भएता पनि ती विषय बेलाबखत जोखिमपूर्ण हुन सक्छन् । यसका साथै काउन्सिलका कामकारवाहीलाई जस्ताको तस्तै सञ्चार माध्यम मार्फत जनता तथा सरोकारवालाहरु समक्ष प्रस्तुत गर्न आवश्यक छ । यो प्रतिबेदनमा गएका बर्षमा नेपाल मेडिकल काउन्सिलबाट भएगरिएका कामहरु, चुनौतिहरु, अप्ठ्याराहरु तथा आगामी दिनमा गर्नु पर्ने कामहरुका बारेमा उल्लेख गरिएको छ ।

**काम, कर्तव्य र अधिकार**

नेपाल मेडिकल काउन्सिल ऐन २०२० (२०४४, २०४७, २०५६ र २०५८ मा संसोधित) अनुसार काउन्सिलको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छ ।

(क) चिकित्साशास्त्र अध्ययन अध्यापन गराइने तथा तालिम दिने दिलाउने मेडिकल कलेजलाई तोकिए बमोजिम मान्यता दिने ।

(ख) चिकित्साशास्त्र अध्ययन अध्यापन गराउने तालिम दिने दिलाउने मेडिकल कलेजको पाठ्यक्रम भर्नाका शर्तहरू तथा परीक्षा प्रणाली सम्बन्धी तोकिए बमोजिमको नीति तथा अन्य आवश्यक पूर्वाधारहरू तथा मापदण्ड सम्बन्धी कुराहरूको मूल्याङ्कन र पुनरावलोकन गर्दा सो बमोजिम नभएको ठहर भएमा दर्ता तथा स्वीकृति खारेजीको लागि सिफारिस गर्ने ।

(ग) चिकित्सा व्यवसाय सुचारु रुपले सञ्चालन गर्न आवश्यक नीति निर्धारण गर्ने ।

(घ) चिकित्सकहरूको योग्यता निर्धारण गरी योग्यता पुगेका चिकित्सकहरूको तोकिए बमोजिमको दर्ता प्रमाणपत्र परीक्षा (लाईसेन्स परीक्षा) लिई दर्ता प्रमाणपत्र दिने ।

(ङ) चिकित्सकहरूको तोकिएबमोजिम आचार संहिता तयार गर्ने र त्यस्ता आचार संहिता उल्लङ्घन गर्ने चिकित्सक उपर तोकिएबमोजिम कारबाही गरी दर्ता किताबबाट नाम हटाउने ।

यस मध्ये क र ख का अधिकार चिकित्सा शिक्षा आयोगको कार्यक्षेत्रमा पर्न गएका छन् ।

**संरचना**

- नेपाल मेडिकल काउन्सिलको हालको संरचना
- अध्यक्ष डा. भगवान कोईराला (मिति २०७६/०७/१७ मा मनोनित)
- सदस्य डा. लोचन कार्की (ने.चि.संघ अध्यक्ष)
- सदस्य डा. सुभित मास्के (ने.दन्त चि.संघ अध्यक्ष)
- सदस्य डा. सुप्रभात श्रेष्ठ (मिति २०७६/०९/०७ मा मनोनित)
- सदस्य डा. प्रेणित पोखरेल (मिति २०७६/०९/०७ मा मनोनित)

- सदस्य डा. सन्ध्या चापागाईं (मिति २०७६/०९/०७ मा मनोनित)
- सदस्य डा. हरीहर वस्ती (मिति २०७६/०९/०७ मा मनोनित)
- सदस्य श्री किशोरविक्रम मल्ल (मिति २०७६/०९/०७ मा मनोनित)
- सदस्य डा. विक्रान्त ढकाल (मिति २०७८/०५/१६ मा मनोनित)
- सदस्य डीनहरु मध्ये – (मनोनयन बाँकी)
- रजिष्ट्रार डा. कृष्णप्रसाद अधिकारी (मिति २०७६/०९/०७ मा मनोनित)

मिति २०७४/०६/०३ मा निर्वाचित उपाध्यक्ष लगायत ८ जना सदस्यको पदावधि सकिएकाले सोही प्रयोजनका लागि उपत्यका बाहिर २०७८ मंसिर ३ र ४ गते र उपत्यका भित्र २०७८ मंसिर १० र ११ गते निर्वाचन मिति तय गरिएको छ । निर्वाचनको विवरण यसैसाथ तल उल्लेख गरिएको छ ।

काउन्सिलका मनोनीत वा निर्वाचित सदस्यहरुको पदावधि चार वर्षको हुन्छ । समितिहरुको निर्माण तथा प्रवक्ता तोक्ने काम काउन्सिलबाट हुनेछ । हाल काउन्सिलमा निम्नानुसारका समितिहरु कृयाशिल छन् ।

- शिक्षा तथा सी.पी.डी. समिति
- व्यवसायिक आचरण तथा स्वास्थ्य समिति
- चिकित्सक दर्ता समिति
- विदेशी चिकित्सक दर्ता समिति
- दन्तचिकित्सा समिति
- परीक्षा समिति

**प्रतिनिधित्व**

- चिकित्सा शिक्षा आयोग– सदस्य
- नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिज (चिकित्सा शिक्षा आयोग)– सदस्य
- नेपाल स्वास्थ्य अनुसन्धान परिषद्– सदस्य
- नेपाल स्वास्थ्य व्यवसायी परिषद्– सदस्य
- स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु– सभासद्
- मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ दफा १८९(२) बमोजिमको समिति– संयोजक
- गुणस्तर समिति (नापतौल तथा गुणस्तर विभाग)– सदस्य
- अंग प्रत्यारोपण समन्बय समिति– सदस्य
- स्वास्थ्य समन्वय महाशाखा, स्वास्थ्य तथा जनसंख्या मंत्रालय (विदेशी स्वस्थ्यकर्मी सिफरिस)– सदस्य
- र्यापिड रेस्पोन्स टीम (स्वास्थ्य तथा जनसंख्या मंत्रालय)– सदस्य
- ब्रेन गेन सेन्टर, परराष्ट्र मन्त्रालय– सदस्य
- अन्तरकाउन्सिल सूचना प्रविधि समिति– संयोजक
- एक चिकित्सक एक स्वास्थ्य संस्था कार्यविधि मस्यौदा समिति– सदस्य
- एकीकृत छाता ऐन मस्यौदा समिति (परिषद्हरुको एकीकृत ऐन, खाद्य तथ औषधी ऐन, एकीकृत स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, राष्ट्रिय स्वास्थ्य प्रत्यायन प्राधिकरण ऐन, एकीकृत स्वास्थ्य अनुसंधान ऐन, एकीकृत अस्पताल विकास समिति ऐन, अन्य आवश्यक ऐनहरु)– सदस्य
- स्नातक तह (चिकित्सा शास्त्र) को पाठ्यक्रम निर्माण समिति (गण्डकी विश्वविद्यालय)– सदस्य

**नेपाल मेडिकल काउन्सिलले विगत २ बर्षमा गरेका कामको जानकारी**
**सम्पन भै कार्यानवयनमा रहेको**

- भौतिक सुधारका कामः परिसरमा राष्ट्रिय बाणिज्य बैंक काउन्टर, पार्किंग (स्वचालित इलेक्ट्रोनिक गेट सहित), प्रवेशद्वारको बाहिरी स्वरुप, लबीमा निःशुल्क कफी, आवश्यकता अनुसार अफिस समयमा पदाधिकारी भेट्न पाउने, वेवसाइट मार्फत उजुरी गर्न पाउने
- प्रशासनिक कामः २४ धण्टा भित्र इमेलको जवाफ, तीन कार्यदिन भित्र काम सम्पन्न, अस्थायी तथा विशेषज्ञ प्रमाणपत्र लिन बाहेक काउन्सिल आउन नपर्ने, सबै काम इमेल मार्फत, व्यवसायिक आचारका उजुरीहरुको कारवाही र अभिलेख अध्यावधिक, सबै काउन्सिल सदस्यलाई मेडिकल इथिक्स तालिम, उजुरीको व्यवस्थापन, विदेशी नागरिक चिकित्सकको व्यवसायिक काम, अनुगमन, भिषा, नविकरण सर्त, बैवाहिक सम्बन्धमा रहेका विदेशी चिकित्सकको दर्ता सहजिकरण
- सबै प्रकारका आवेदन र शुल्क अनलाइन सेवा मार्फत प्रदान गरी दर्ता, ईलिजिविलिटी, परिचयपत्र, असल चारित्रिक प्रमाणपत्र, आदि सेवा तीन दिन भित्र प्रदान गर्ने
- उजुरी पेटीका, टीभी मनिटरमा बडापत्र र आवश्यक सूचना राख्ने
- यातायात कार्यालयमा चिकित्सकले प्रदान गर्ने प्रमाणपत्रको निगरानी राख्ने
- परीक्षा र प्रमाणपत्रः सन् २०२० नोभेम्बर २७ (२०७७ मंसिर १२) देखि इन्जिनियरिंग अध्ययन संस्थानमा कम्प्युटरमा आधारित लाईसेन्स र विशेष परीक्षा, सुरक्षा प्रावधान र क्यूआर कोड सहितको नयाँ ढाँचाको प्रमाणपत्र र परिचयपत्र (सेल्फ भेरिफिकेशन सहित), परीक्षाको स्तरीयता र एकरुपताका लागि प्रश्नपत्र बैंक, अंकभार र प्रयोगात्मक परीक्षा, अस्थायी र स्थायी दर्ता मितिको निरन्तरता, परीक्षाको नतिजा प्रकाशन भएपछि ३० दिन भित्र आवेदन गरेमा दर्ता प्रमाणपत्रमा परीक्षा उत्तिर्ण मितिको भोली पल्टको मिति राखेर दर्ता प्रमाणपत्र दिने, अस्थायी र स्थायी प्रमाणपत्रको मिति बिचको अन्तर हटाउने
- तथ्यांक र रेकर्डः वेबसाइटमा कलेजहरुको विवरण, सबै कागजपत्र र प्रमाणपत्रको डिजिटफ कपी, चिकित्सको सूची अध्यावधिक गरी एकै पोर्टलबाट परीक्षा र अन्य सेवाको आवेदन र शुल्क तिर्न सकिने, अहिले तयारभएको पोर्टल मार्फत चिकित्सकले आवेदन गर्न पाउने
- निर्देशिकाहरु

क) कोभिड निर्देशिका

1. Guidelines for use of PPE COVID
2. Protocol for ILI Clinics
3. Clinical Guidelines for COVID-19
4. Interim clinical guidance for care of patients with COVID-19 in healthcare settings
5. ICU Intermin Protocol for COVID19
6. Interim guidance for infection prevention and control when COVID-19 is suspected
7. Advisory for safe ear, nose & throat (ent) practice during COVID-19 pandemic
8. Interim guidelines for radiology practice during COVID-19 pandemic
9. Interim guidance for dental practices during COVID-19 global emergency in Nepal
10. Telemedicine guidelines for registered medical practitioners in nepal
11. Professional ethical guidelines during COVID-19 pandemic
12. कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरुको शव व्यवस्थापन सम्बन्धि संक्षिप्त कार्यविधि

ख) चिकित्सक नाम दर्ता तथा विशेष परीक्षा सञ्चालन कार्यविधि २०७७

ग) काउन्सिल समितिहरुको कार्यविधि

घ) नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानको सहयोगमा काउन्सिललाई आवश्यक दरवन्दी श्रृजना गरिएको छ ।

ङ) फेलोसिप निर्देशिका

च) सीपीडी तालिम म्यानुअल

छ) शल्यकृया सुरक्षा सूची

- चीनमा स्नातकोत्तर तहको पढाई पूरागरेको प्रमाणपत्र प्राप्त चिकित्सकहरु कोभिडका कारण आवासीय तालिम अस्पतालमा पूरागर्न नपाउँदै नेपाल फर्कनु परेकाको हकमा चिकित्सा शिक्षा आयोगको सहमतीमा निजहरुको अपुग आवासीय तालिम नेपालमा गर्न अनुमति प्रदान गरिएको ।
- कोभिडका कारण चीन लगायतका देशमा एमबीबीएस इन्टर्नसीप सुरुगरी पूरागर्न नपाउँदै नेपाल फर्किएका सन् २०१४ ब्याचका नेपाली विद्यार्थीहरूलाई नेपालमा इन्टर्नसीप गर्नका लागि १६० जना विद्यार्थीलाई अनुमति
- कोभिडका कारण चीन लगायतका देशमा एमबीबीएस अध्ययन पूरागर्न नपाउँदै नेपाल फर्किएका सन् २०१५ पछिको ब्याचका लागि शिक्षा मन्त्रालयबाट आबेदन माग भएकोमा २०१५ ब्याचका २३ जना र २०१६ ब्याचका १५३ जनाको सूची तयार पारी सम्बन्धित निकायमा पठाइएको ।

**व्यवसायिक आचरण उजुरी तथा कार्यान्वयन**

- जम्मा उजुरी (मिति २०७७ श्रावण देखि २०७८ असोज सम्म)- ५७
- निर्णय भएका- २०
- छानविनको क्रममा रहेका- ३१
- तामेलीमा रहेका- ६

**कार्यान्वयनको क्रममा रहेको**

- चिकित्सकको पहिचानका लागि हस्ताक्षर र फोटो मात्र राखिएकोमा १० औंलाको छाप, फोटो, हस्ताक्षर  लिने व्यवस्था गर्ने
- सी.पी.डी. कार्यक्रम सञ्चालनका लागि विश्व स्वास्थ्य संगठन, राष्ट्रिय तालिम केन्द्र विश्व चिकित्सक संघस इन्टेरेक्टिभ हेल्थ इन्टरनेशनल र रोयल कलेज अफ फिजिसियन एण्ड सर्जनसंगको सहकार्य
- भारतीय आयुर्विज्ञान परिषद् (हालको नेशनल मेडिकल कमिसन) संग पारस्परिक दर्ता मान्यता संझौता
- स्नातकोत्तर विधाका मुख्य विषयहरु र शाखा विषयहरुको बर्गिकरण
- परीक्षा दिएको विषयको मात्र प्रमाणपत्र दिने । डीएम तथा एमसीएच तहको परीक्षा लिने
- स्नातक र स्नातकोत्तर उपाधि दर्ता भएका चिकित्सकहरुको विज्ञता अनुसारको कार्यविभाजन
- स्नातक तह पछि लगातार स्नातकोत्तर तहको अध्ययन पूरा गरेर आउने चिकित्सकले दुई बर्ष पछि मात्र विशेषज्ञ प्रमाणपत्र पाउने व्यवस्थाको अन्त्य गर्ने
- ऐन नियमावली संसोधन प्रस्ताव (व्यवसायिक आचार संहिता सहित)
- काउन्सिलले परीक्षा लिएको विषय वा तहको मात्र प्रमाणपत्र प्रदान
- मेडिकल कलेजमा भर्ना भएका विद्यार्थीहरुको पहिलो वर्षबाट नै रजिष्ट्रेशन फाइल खडा गर्ने
- कलेजहरुबाट उठाउन बाँकी रकम ताकेता
- शुन्य बेरूजु बनाउने
- पेशासंग सम्बन्धित कमिसन रोक्नका लागि आन्तरिक राजश्व कार्यालयसंग संझौता
- भ्रमपूर्ण विज्ञापन रोक्नका लागि स्वास्थ्य सम्बन्धि कुनैपनि विज्ञापन गर्न काउन्सिल लगायत आधिकारिक निकायको अनुमति लिनुपर्ने व्यवस्था
- पहिचान सहितको प्रेष्क्रिप्शनका आधारमा मात्र औषधी बेच्न पाउने व्यबस्था
- पाँचवटै व्यवसायिक काउन्सिलहरुको काममा एकरुपता ल्याउन अन्तरकाउन्सिल समन्बय कार्यविधि
- पाँचवटै व्यवसायिक काउन्सिलहरु, मन्त्रालय र औषधि व्यवस्था विभाग समेतको सहभागिता हुनेगरी स्थायी प्रकृतिको अनुगमन समिति
- भेरिफाई नभएका चिकित्सकहरुको दर्ता खारेजी बारे सूचना दिने
- सी.पी.डी. कार्यक्रमसंग मिल्दोजुल्दो तालिम सञ्चालन भैरहेका तालिम दिने संस्था तथा शिक्षकलाई तिनले प्रदान गरेको तालिम अवलोकन गरी प्रमाणित गर्ने
- सबै चिकित्सकलाई व्यवसायिक आचरण लगायत अन्य अनिवार्य तालिम दिने

**निर्वाचन सम्बन्धि**

२०७८ भदौ ९ गतेको निर्णयले नेपाल मेडिकल काउन्सिलको २०७८ देखि २०८२ कार्यकालका लागि एक जना उपाध्यक्ष तथा आठ जना पदाधिकारी निर्वाचन प्रयोजनका लागि डा. गणेश राई संयोजक, डा. मधुसुदन पुन सदस्य र डा.मनोज हुमागाईं सदस्य रहेको एक निर्वाचन समिति गठन गरी सो निर्वाचन समितिलाई २०७८ मंसिर महिनाको पहिलो हप्तासम्ममा निर्वाचन सम्पन्न गरिसक्न निर्देशन दिइएको ।

<u>उपाध्यक्ष पदका उम्मेद्वारको नाम</u>

१. डा. प्रमोद कुमार यादव
२. डा. रामपरीक्षण यादव
३. डा. शिवजी पौडेल

<u>सदस्य पदका उम्मेद्वारको नाम</u>

१. डा. अजय सिंह थापा
२. डा. अमित चतुर्वेदी
३. डा. अमृत भुसाल
४. डा. अनुप पन्थी
५. डा. विना श्रेष्ठ
६. डा. विश्वराज दवाडी
७. डा. घनश्याम खरेल
८. डा. गुरुशरण शाह
९. डा. हुलास अग्रवाल
१०. डा. जोन गुरुङ्ग
११. डा. कालुसिंह खत्री
१२. डा. कुम्भराज जोशी
१३. डा. कुन्जाङ शेर्पा
१४. डा. लक्ष्मी पाठक
१५. डा. लवकुमार साह
१६. डा. नारायणसिंह गुरुङ
१७. डा. निर्मलप्रसाद साह
१८. डा. प्रकाश पौडेल
१९. डा. प्रवीणकुमार गिरी
२०. डा. राजेशकुमार शाह
२१. डा. राजेश यादव
२२. डा. राजु पण्डित
२३. डा. रमेशकुमार यादव
२४. डा. रिताकुमारी महासेठ
२५. डा. रोहित कुमार मिश्र
२६. डा. रुपक विश्वकर्मा (घिमिरे)
२७. डा. सन्दीप साह
२८. डा. संजीतकुमार शाह
२९. डा. सुधिरकुमार साह
३०. डा. सुलोचन लोहनी
३१. डा. सूर्यनारायण साह
३२. डा. तोसिमा कार्की

**निर्वाचन केन्द्र, स्थानीय निर्वाचन अधिकृत तथा मतदान मिति**

| क्र.सं. | प्रस्तावित मतदान केन्द्र | मतदान हुने मिति | स्थानीय निर्वाचन अधिकृत |
|---|---|---|---|
| १ | मेची प्रादेशिक अस्पताल, भद्रपुर, झापा | २०७८ मंसिर ४ गते | डा. टंक प्रसाद बराकोटी |
| २ | कोशी अस्पताल, विराटनगर, मोरङ्ग | २०७८ मंसिर ३ र ४ गते | डा. चुमनलाल दास |
| ३ | वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान | २०७८ मंसिर ३ र ४ गते | डा. गौरीशंकर साह |
| ४ | गजेन्द्र नारायण सिंह मेमोरियल अस्पताल, राजविराज | २०७८ मंसिर ४ गते | डा. रणजित झा |
| ५ | लहान जिल्ला अस्पताल, लहान, सिरहा | २०७८ मंसिर ४ गते | डा. विरेन्द्र मण्डल |
| ६ | जनकपुर प्रादेशिक अस्पताल, जनकपुर | २०७८ मंसिर ३ र ४ गते | डा. मनिष पाण्डे |
| ७ | नारायणी अस्पताल, वीरगञ्ज | २०७८ मंसिर ३ र ४ गते | डा. विरेन्द्र बहादुर प्रधान |
| ८ | मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा | २०७८ मंसिर ४ गते | डा. रामचन्द्र सापकोटा |
| ९ | भरतपुर अस्पताल, चितवन | २०७८ मंसिर ३ र ४ गते | डा. कृष्णप्रसाद पौडेल |
| १० | पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, पोखरा, कास्की | २०७८ मंसिर ३ र ४ गते | डा. भरत खत्री |
| ११ | लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल | २०७८ मंसिर ४ गते | डा. इन्द्र ढकाल |
| १२ | जिल्ला अस्पताल, पाल्पा | २०७८ मंसिर ४ गते | डा. जगदिश कुँवर |
| १३ | राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराही, दाङ | २०७८ मंसिर ४ गते | डा. प्रज्ञा बस्नेत |
| १४ | भिम अस्पताल, भैरहवा | २०७८ मंसिर ४ गते | डा. शकुन्तला गुप्ता |
| १५ | भेरी अस्पताल, नेपालगञ्ज | २०७८ मंसिर ४ गते | डा. विरेन्द्र बहादुर चन्द |
| १६ | प्रादेशिक अस्पताल, सुर्खेत | २०७८ मंसिर ४ गते | डा. डम्बर बहादुर खड्का |
| १७ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला | २०७८ मंसिर ४ गते | डा. राजीव शाही |
| १८ | सेती प्रादेशिक अस्पताल, धनगढी | २०७८ मंसिर ४ गते | डा. हेमराज पाण्डे |
| १९ | धुलिखेल अस्पताल, धुलिखेल, काभ्रे | २०७८ मंसिर १० गते | डा. रमेश मकाजु |
| २० | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौ | २०७८ मंसिर १० र ११ गते | डा. प्रणयरत्न शाक्य |
| २१ | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, ललितपुर | २०७८ मंसिर १० र ११ गते | डा. विवेक आचार्य |

मतदान गर्नका लागि मतदाताको नाम, दर्ता नम्बर, मोवाइल नम्बर र इमेल ठेगाना लिने व्यवस्था गरिएको छ । यसको आधारमा अध्यावधिक गर्न छुट भएका चिकित्सकको विवरण अध्यावधिक गरिनेछ । २९५४९ सम्म दर्ता नम्बर भएका २९,१२५ मतदाताले मतदान गर्न सक्ने छन् । मतदाता नामावली पुस्तिका रु. २,००० मा खरिद गर्न सकिने छ ।

**निर्वाचन आचारसंहिता – २०७८**

निर्वाचन कार्यक्रमलाई प्रभावित नहुने गरी काउन्सिलको दैनिक कार्य लगायतलाई ध्यानमा दिई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, पारदर्शी र विश्वसनीय ढंगबाट निर्वाचन सम्पन्न गर्नको लागि निर्वाचनको समयमा सरोकारवालाहरूले आधारभूत रूपमा पालना गर्नुपर्ने आचारसंहितालाई ध्यानाकर्षण गराउँदै निम्नानुसारको निर्वाचन आचारसंहिता जारी गरिएको छः

१) निर्वाचनको कार्यक्रममा कोभिड महामारीको जोखिमलाई ध्यानमा राखि स्वास्थ्य सुरक्षा सतर्कताको अनिवार्य पालना गर्ने ।

२) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका कुनै पनि चिकित्सकले निर्वाचनलाई प्रभावित पार्ने खालको कुनै पनि कार्यहरु निर्वाचन सम्पन्न नभएसम्म गर्न पाइने छैन ।

३) कुनै पनि उम्मेद्वार वा निजका प्रतिनिधिले बल प्रयोग गरी वा नगरी डर, त्रास देखाई वा धम्की दिई वा प्रलोभन दिई मतदान केन्द्र जबरजस्ती कब्जामा लिने वा लिन प्रयास गर्ने वा मतपेटिका कब्जा गर्ने, मतपत्र च्यात्ने जस्ता कुनै पनि गतिविधि गर्न पाइने छैन । यदि त्यस्तो कार्य गरेको वा गर्न लगाईएको प्रमाणित भएमा त्यस्तो उम्मेद्वारको उम्मेद्वारी रद्द गर्न सकिनेछ ।

४) प्रचार प्रसार भड्किलो हुन नदिन उम्मेद्वार र मतदाता अनुशासित भई कसैको मर्यादामा असर पार्ने र भोज–भतेर, उपहार, प्रलोभनमा पार्ने काममा सरिक हुन पाइने छैन ।

५) प्रचार प्रसारको क्रममा उम्मेद्वार तथा मतदाताले नकारात्मक प्रचार गर्न मनाही छ ।

६) मतदान हुने समयको २४ घण्टा अघिदेखि मतदान कार्य सम्पन्न नभएसम्म प्रचारप्रसार गर्ने प्रचार सामाग्रीहरु (पर्चा, पम्प्लेट, स्टीकर लगायत निर्वाचन प्रभावित पार्ने सबै सामग्रीहरु) वितरण गर्ने लगायतका काम गर्न पाईनेछैन । गलत उद्देश्यले सामाजिक सञ्जालमा र मोबाईलमा समेत प्रचारप्रसार गर्न पाईने छैन ।

७) मतदानको समयमा उम्मेद्वारले आफ्नो परिचय पत्र बाहेक कुनै पनि प्रचार सामाग्रीहरु (पर्चा, पम्प्लेट, स्टीकर लगायत निर्वाचन प्रभावित पार्ने सबै सामग्रीहरु) वितरण गर्न पाइने छैन ।

८) मतदान गर्न जाँदा मोबाइल, क्यामेरा, स्मार्ट वाच लगायत कुनै पनि किसिमको विद्युतिय सामग्री साथमा लान पाईने छैन ।

९) काउन्सिलका बहालवाला कुनै पनि पदाधिकारी तथा कर्मचारीहरुले निर्वाचनलाई प्रभावित गर्ने वा नगर्ने गरी कुनै पनि उम्मेद्वारको लागि मत माग्ने, निर्वाचनको प्रचारप्रसारमा सरिक हुने जस्ता कार्यमा संलग्न हुन पाइनेछैन । यदि त्यसो गरेको प्रमाणित भएमा निर्वाचन समितिले त्यस्तो पदाधिकारी वा कर्मचारीलाई आवश्यक कार्यवाहीका लागि काउन्सिल समक्ष लेखि पठाउनेछ ।

माथि उल्लेखित आचारसंहिता उल्लङ्घन भएको प्रमाणित भएमा त्यस्तो उम्मेद्वारको उम्मेद्वारी रद्द गर्न र मतदातालाई मतदान गर्ने कार्यबाट अलग गर्न सकिनेछ ।

नेपाल मेडिकल काउन्सिल
Nepal Medical Council

डा. कृष्णप्रसाद अधिकारी
रजिष्ट्रार तथा प्रवक्ता
२०७८ कार्तिक १० गते